# कम्पनी (पहिलो संशोधन) निर्देशिका, २०७३

कम्पनी निर्देशिका २०७२ मा सामयिक परिमार्जन र संसोधन गरी कम्पनी ऐनको कार्यान्वयन तथा कम्पनी प्रशासन सम्बन्धि कार्य प्रभावकारी र ब्यबस्थित रुपमा सम्पादन गर्नका लागि कम्पनी ऐन,२०६३ को दफा १६ ले दिएको अधिकार प्रयोग गरी रजिष्ट्रारबाट कम्पनी (पहिलो संशोधन) निर्देशिका, २०७३ जारी गरी प्रकाशन गरिएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस निर्देशिकाको नाम कम्पनी (पहिलो संशोधन) निर्देशिका, २०७३ रहेको छ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ।

२. कम्पनी निर्देशिका, २०७२ को दफा २ मा संशोधन: कम्पनी निर्देशिका २०७२ (यस पछि "मूल निर्देशिका" भनिएको) को दफा २ को खण्ड (च) को सट्टा देहायको खण्ड (च) राखिएको छ :-

"(च) कम्पनी ऐन, २०६३ मा प्रयुक्त "राष्ट्रिय स्तरको दैनिक पत्रिका" भन्नाले नेपाल प्रेस काउन्सिलले गरेको राष्ट्रिय तहको बर्गिकरणमा "क" वा "क+" बर्गको रुपमा वर्गीकृत भएको नेपाली भाषामा प्रकाशित हुने दैनिक समाचारपत्रलाई जनाउनेछ ।"

३. मूल निर्देशिकाको दफा ६ मा संशोधन : मूल निर्देशिकाको दफा ६ को :-

(१) उपदफा (१) मा रहेका "संस्था दर्ता ऐन, २०३४ बमोजिम दर्ता भएका संस्था वा" भन्ने शब्दहरु झिकिएका छन्।

(२) उपदफा (३) पछि देहायको उपदफा (४) र (५) थपिएको छ :-

(४) उपदफा (३) र (४) मा तोकिएको अवधि भित्र शेयर वा डिबेन्चर नामसारी वा हस्तान्तरण गर्न नसक्ने मनासिब कारण सहित त्यस्तो संस्था वा सहकारीले वा संस्था वा सहकारीको शेयर लगानी रहेको कम्पनीले निवेदन दिएमा कार्यालयले सम्बन्धित कम्पनीको नाममा आवश्यक निर्देशन सहित यो दफा लागु भएको मितिले २ बर्षमा नबढ्ने गरी शेयर वा डिबेन्चर नामसारी वा हस्तान्तरणको लागि थप समय दिन सक्नेछ।

(५) उपदफा (२), (३) र (४) मा तोकिएको अबधि भित्र तोकिए बमोजिम शेयर वा डिबेन्चर नामसारी वा हस्तान्तरण नगर्ने फर्म, संस्था वा सहकारीको नाममा सो अवधि पश्चात कुनै थप शेयर जारी हुन सक्ने छैन। साथै त्यस्तो शेयर वा डिबेन्चरमा गरेको लगानी बापत कुनै लाभांश वा प्रतिफल समेत पाउन सक्ने छैन।

४. मूल निर्देशिकामा दफा ८क. थप : मूल निर्देशिकाको दफा ८ पछि देहायको दफा ८क. थप गरिएको छ :-

"८क. अनुमति वा इजाजत पेश गर्नु पर्ने: यस कार्यालयमा दर्ता भएका कम्पनीहरुले आफ्नो उद्धेश्य अनुरुप कार्य संचालन गर्नु अघि सम्बन्धित निकायको अनुमति वा इजाजत लिनु पर्ने भए त्यस्तो अनुमति वा इजाजत लिनु पर्नेछ र त्यस्तो अनुमति वा इजाजतको प्रति ( नविकरण गर्नु पर्ने भए नविकरण गरेको प्रति समेत) ऐनको दफा ५१ को उपदफा (२) को विवरणको साथ संलग्न गरी कार्यालयमा पठाउनु पर्नेछ।"

५. मूल निर्देशिकामा दफा १०क. थप : मूल निर्देशिकाको दफा १० पछि देहायको दफा१०क. थप गरिएको छ।

"१०क. <u>जारी पुंजी बराबरको शेयर बाँडफांडको विवरण पेश गर्नु पर्ने:</u> कम्पनीको संस्थापना गर्दा प्रस्ताव गरेको अधिकृत पुंजी मध्ये तत्काल जारी हुने पुंजी रकम बराबरको शेयर बाँडफांडको विवरण (तत्काल लिन कबुल गरेको शेयरको विवरण) समेत समावेश गर्नु पर्नेछ ! "

६. मूल निर्देशिकाको दफा १६ मा संशोधन: मूल निर्देशिकाको दफा १६ को उपदफा (१) पछि देहायको उपदफा (२) थप गरिएको छ :-

" (२) उपदफा (१) मा उल्लेख भएका लिखतहरुका अतिरिक्त कम्पनीको संशोधित प्रबन्धपत्र र नियमावलीको २ प्रति, पब्लिक कम्पनीमा परिणत भएको सम्बन्धमा साधारण सभाले गरेको निर्णय, लेखा परीक्षक र संचालकको लिखित उद्घोषण तथा कम्पनीको बासलात एवं नाफा नोक्सान हिसाब समेत पेश गर्नु पर्नेछ।"

**(७)** मूल निर्देशिकाको दफा १९ मा संशोधन :- मुल निर्देशिकाको दफा १९ को उपदफा (२) पछि देहायको उपदफा (३) थप गरिएको छः-

"(३) कुनै कम्पनीको प्रबन्धपत्र वा नियमावलीको अंग्रेजी भाषाको अनुवाद समेत आवश्यक पर्ने भएमा नोटरी पब्लिकबाट अनुवाद गराई उपदफा (१) र (२) बमोजिमको रित पुरा गरी पेश गर्नु पर्नेछ। कार्यालयबाट कम्पनीको प्रबन्धपत्र वा नियमावलीको अंग्रजी भाषाको प्रति समेत अभिलेख गरिएको भए पनि नेपाली भाषाको प्रबन्धपत्र वा नियमावलीलाई नै आधिकारिक मानिनेछ।

८. मूल निर्देशिकामा दफा ३१क. थप: मूल निर्देशिकाको दफा ३१ पछि देहायको दफा ३१क. थप गरिएको छ :- "३१क. जारी पुंजी बराबरको शेयर बाँडफांड गर्नुपर्ने: ऐनको दफा ३१ बमोजिम पेश गरिने शेयरको विवरणमा कम्पनीको जारी पुंजी बराबरको शेयर बाँडफांडको विवरण उल्लेख गर्नु पर्नेछ। त्यस्तो विवरणमा जारी पुँजीको कति प्रतिशत तत्काल चुक्ता भएको हो सो उल्लेख गरी शेयर बापतको चुक्ता हुन बाँकि रकम समेत स्पष्ट उल्लेख गर्नु पर्नेछ। "

९. मूल निर्देशिकामा दफा ८२ क. थप: मूल निर्देशिकाको दफा ८२ पछि देहायको दफा ८२ क. थप गरिएको छ :-

"८२ क. मुनाफा वितरण नगर्ने कम्पनी संस्थापना गर्न कुनै बाधा नपर्ने: यस निर्देशिकामा लेखिएको कुनै पनि कुराले ऐनको दफा १६६ बमोजिम मुनाफा वितरण नगर्ने कम्पनी संस्थापना गर्न कुनै बाधा पर्ने छैन ! यस दफाको प्रयोजनको लागि निर्देशिकाको दफा ६ को व्यवस्थाले समेत कुनै बाधा पुर्याउने छैन।"

१०. मूल निर्देशिकामा दफा ८३क. थप: मूल निर्देशिकाको दफा ८३ पछि देहायको दफा ८३क थप गरिएको छ :-

"८३क. कम्पनीहरुबीच लगानी र कारोबारमा प्रतिबन्ध: (१) दफा १७६ को प्रयोजनको लागि लगानी मात्र गर्ने मूल उद्धेश्य भएको कम्पनी ( इन्भेष्टमेन्ट कम्पनी) बाहेकको अन्य कम्पनीले आफ्नो प्रबन्धपत्रमा उल्लेख भएको उद्धेश्य बाहेक अन्य कारोबार गर्ने कम्पनीको धितोपत्रमा लगानी गर्न सक्ने छैन। त्यसैगरी लगानी मात्र गर्ने मूल उद्धेश्य भएको कम्पनी अन्य कम्पनीको शेयर वा डिबेन्चरमा लगानी गर्ने बाहेक अन्य कारोबार गर्न सक्ने छैन।

(२) उपदफा (१) बमोजिम लगानी नगर्ने कम्पनीले ऐनको दफा १७६ को उपदफा (१) को प्रतिबन्धात्मक बाक्यांशमा उल्लेख भएको छुट उपयोग गर्न सक्ने छैन।

(३) अन्य कम्पनीमा गरेको लगानी, वा अन्य कम्पनीलाई दिएको सापटी वा जमानत सम्बन्धमा ऐनको दफा १७६ को उपदफा (२) बमोजिम सापटी, लगानी वा जमानतको विवरणको ढांचा नतोकिए सम्म कम्पनी आफैले तयार

गरेको ढाँचामा त्यस्तो सापटी, लगानी वा जमानतको विवरण तयार गरी ऐनको दफा ५१ को उपदफा (२) को विवरणको साथ संलग्न गरी कार्यालयमा पठाउनु पर्नेछ।"